



**Forum for Awareness and Youth Activity, Nepal (FAYA-Nepal)**
Dhangadhi Sub-Metropolitan City-1, FAYA Marg, Kailali
Phone: +977-91-524329/ +977-91-522874
Email: fayanepal@hotmail.com
Web site: www.fayanepal.org.np

FAYA NEPAL

समृद्धिका लागि सँगसँगै

25 FAYA NEPAL
YEARS OF TOGETHERNESS

# २०७८
# वार्षिक प्रतिवेदन



## जनचेतना तथा युवा जागरण मञ्च नेपाल (फाया नेपाल)

# जनचेतना तथा युवा जागरण मञ्च नेपाल (फाया नेपाल)
# वार्षिक प्रतिवेदन २०७८

**प्रकाशक:**

जनचेतना तथा युवा जागरण मञ्च नेपाल (फाया नेपाल)

**धनगढी, कैलाली**

**फोन नं.: ०९१-५२२८७४, ५२४३२९**

**जनचेतना तथा युवा जागरण मञ्च नेपाल (फाया नेपाल)**
**वार्षिक प्रतिवेदन २०७८**
**प्रकाशित प्रति : ५००**
**सम्पादन: फाया डेस्क**
**कभर डिजाइन: सत्यनारायण चौधरी**
**मुद्रक: सिद्धार्थ अफसेट प्रेस प्रा.लि., धनगढी**

Forum for Awareness and Youth Activity Nepal (FAYA Nepal)
Annual Report 2078
Published copies: 500
Edited by: FAYA Desk
Cover Design: Satya Narayan Chaudhary [9848555677]
Printed @: Siddhartha Offset Press (P.) Ltd., Dhangadhi [091-523419]

# अध्यक्षको मन्तव्य



फाया नेपाल विगत २७ वर्षदेखि सामाजिक मुद्दाहरुमा कार्य गर्दै आइरहेको छ । संस्थाको स्थापनाकालदेखि हालसम्म देशका विभिन्न जिल्लाहरुमा पुगेर संस्थाले आफ्ना गतिविधीहरु सञ्चालन गर्दै आइरहेको कुरा सर्व विदितै छ । विशेष गरेर सुदूरपश्चिम प्रदेशमा सघन रुपमा कार्यरत रहे पनि मुक्त कमैयाको अधिकार र पुनःर्स्थापनाको अभियानमा दाङ, बाँके, बर्दिया, कञ्चनपुर यसै गरी २०७२ को भू-कम्पमा धादिङ, २०७१ को बाढीमा र ज्येष्ठ नागरिकहरुको सवालमा बर्दियासम्म पुगेर संस्थाले गतिविधीहरु सम्पन्न गरेको छ । हाल पनि सुदुरपश्चिम बाहेक जुम्ला र सुर्खेत जिल्लामा पनि संस्थाका गतिविधीहरु सञ्चालनमा छन् ।

संस्थाले सञ्चालन गर्ने सबै गतिविधी तथा परियोजनाहरुमा विभिन्न साझेदार तथा सरोकारवालाहरुको महत्वपूर्ण भूमिका रहेको छ । सबैको सहयोग र सहकार्य बिना संस्थाले उपलब्धि हाँसिल गर्न सक्ने सम्भावना नै हुदैन । गतवर्ष पनि हामीले सबैको सहकार्यमा विभिन्न गतिविधीहरु सञ्चालन गरेका थियौं र ती गतिविधि तथा तिनका उपलब्धिहरुलाई वार्षिक प्रतिवेदन २०७८ मा प्रकाशन गर्न पाँउदा खुसी लागेको छ । यी गतिविधीहरु सञ्चालन गर्न तथा उपलब्धिहरु हाँसिल गर्न सहयोग गर्ने संस्थाका सबै सदस्य, कर्मचारी, सुभचिन्तक, साझदार तथा सरोकारवालाहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु । धन्यवाद ।

लोकराज भट्ट
अध्यक्ष

# कार्यक्रम निर्देशकको मन्तव्य



फाया नेपाल मानवअधिकारमुखी विकास अवधारणामा विश्वास राख्ने एक गैर सरकारी संस्था हो । विगत लामो समयदेखि महिला अधिकार र शसक्तीकरण, मुक्त कमैया तथा अल्पसंख्यकहरुको अधिकार, स्वास्थ्य, शिक्षा, समुदायमा आधारित प्रकोप न्युनिकरण तथा प्रतिकार्य र जीविकोपर्जन जस्ता गतिविधी मार्फत नागरिकको सम्मानपूर्वक बाँच्न पाउने अधिकारलाई सुनिश्चित गर्न विभिन्न सरोकारवालाहरुसँगको सहकार्यमा पहल गरिरहेकोछ ।

संस्थाले आफ्नो लक्ष्य र उद्देश्य प्राप्त गर्न गत एक वर्षमा विभिन्न सरकारी र गैरसरकारी निकायहरुसँगको सहकार्य र समन्वयमा गरेका गतिविधीलाइ समेटेर हरेक वर्ष झैं यो वर्ष पनि प्रतिवेदन तयार गरी प्रकाशन गर्ने जमर्को गरेको छ । यस प्रकाशनले संस्थाले गरेका कार्यहरुको दस्तावेजीकरण गर्न र सबै साझेदार तथा सरोकारवालाहरुलाई जानकारी उपलब्ध गराउन सहयोग पुग्ने अपेक्षा गरिएको छ । प्रतिवेदन पढी सकेपछि पृष्ठ पोषणका लागि सबैसँग हार्दिक अनुरोध गर्दछु ।

साथै प्रतिवेदन तयार गर्न सहयोग गर्ने संस्थाका कर्मचारीहरु र प्राप्त सूचनालाइ संयोजन गर्न सहयोग गर्ने संस्थाका सदस्य सच्चिदानन्द जोशीलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

शेर बहादुर बस्नेत
कार्यक्रम निर्देशक

# विषय-सूची


| क्र. सं. | विषय | पेज नं. |
|---|---|---|
| | अध्यक्ष तथा कार्यक्रम निर्देशकको मन्तव्य | |
| १ | फाया नेपाल बारे | १ |
| २ | आर्थिक वर्ष २०७७/७८ मा सम्पन्न कृयाकलापहरुको संक्षिप्त प्रतिवेदन | २ |
| २.१ | सुआहारा-२, असलपोषण परियोजना | २ |
| २.२ | स्वच्छताको लागी व्यवहार परिवर्तन परियोजना | ६ |
| २.३ | संक्रमण रोकथाम तथा नियन्त्रण (आईपीसी) र क्रिटिकल केयर व्यवस्थापन प्रशिक्षण | ८ |
| २.४ | युएनएफपिए देशीय कार्यक्रम कार्यान्वयन | ११ |
| २.५ | भ्यु फ्रम द फ्रण्टलाईन | १३ |
| २.६ | मनसुनजनित वाढी र पहिरो प्रतिकार्य परियोजना | १४ |
| ३ | लेखा पराक्षणको प्रतिवेदन २०७७/७८ | १६ |
| ४ | फाया नेपालको संगठनात्मक संरचना | २३ |

# १. फाया नेपाल बारे

फाया नेपाल २०५१ साल माघ १० गते स्थापना भइ निरन्तर रूपमा गरिबी, सामाजिक विभेद, कुरीती, असमानताका विरुद्धमा आफ्ना गतिविधीहरु सञ्चालन गरीरहेको छ । यसले आफ्ना गतिविधीहरू योजनावद्ध तथा परिणाममुखी बनाउन रणनीतिक योजनाहरुको तर्जुमा गर्ने र कार्यान्वयन गर्ने गरि आएको छ । यसको पछिल्लो रणनीति पत्र (२०१९ देखि २०२४) ले निम्न अनुसार संस्थाको भिजन, मिसन तथा उद्देश्यहरु तय गरेकोले सोहि बमोजिम नै आफ्ना गतिविधीहरु गर्दै आएको छ । फाया नेपाल समृद्ध समाजको स्थापना भएको देख्न चाहन्छ । समृद्धि हासिल गर्न दीगो विकासमा योगदान गर्नु यसको मिसन हो । यस मिसनको प्राप्तिका लागि संस्थाले विभिन्न विषय क्षेत्रमा योगदान दिने उद्देश्य लिएको छ ।

१. **स्तरीय जीवन**

नाना, खाना, छाना, शिक्षा र स्वास्थ्य जस्ता आधारभूत आवश्यकताको स्तरीय पुर्तिको सुनिश्चितता

२. **सम्मानित जीविकोपार्जन**

उन्नत जीवनयापनका लागि सामाजिक तथा आर्थिक अवसरहरुको विकास र निश्पक्ष वितरणको सुनिश्चितता

३. **उत्पादक मानवीय तथा सामाजिक पुँजी**

उत्पादकत्वका लागि सक्षम मानव संसाधन तथा मूल्य बर्द्धक सामाजिक सम्वन्ध निर्माण

४. **सुरक्षित तथा उत्थानशील समुदाय**

सुरक्षित पूर्वाधार तथा सुरक्षा संस्कृति प्रवर्द्धन मार्फत सुरक्षित तथा एवम उत्थानशील समुदाय निर्माण

५. **सभ्य समाज**

स्वतन्त्रता, समानता, सामाजिक न्याय, शान्ति तथा लोकतान्त्रिक संस्कृतिको संरक्षण

६. **फाया एक नेतृत्वदायी गैसस**

फाया नेपाललाई एउटा नेतृत्वदायी संस्थाका रुपमा प्रवर्द्धन गर्न सम्बन्धहरुको विस्तार, नयाँ स्रोतहरुको खोज र कार्यक्षेत्रलाई फैलावटका लागि संस्थागत क्षमता सवलीकरण फाया नेपालले अधिकारवालाहरुलाई आफ्नो अधिकार दावी गर्न सक्ने र कर्तव्य बाहकहरुलाई आफ्नो जिम्मेवारी पुरा गर्न सक्ने गरि सक्षम पार्ने मानव अधिकारमा आधारित एप्रोच अपनाइ आएको छ । पारदर्शिता र उत्तरदायित्व, विविधताको सम्मान, गुणस्तरीयता र उत्कृष्टता एवम सामाजिक सदभाव फाया नेपालका मुल्य मान्यता हुन् । संस्थाले आफ्ना कामहरुलाई अझ मुल्यवान वनाउन नविनता खोज्ने, हानी नगर्ने, ससाना क्रियाकलापहरु गर्ने तथा स्थानीयकरण जस्ता विभिन्न तरिकाहरु अपनाउने गरेको छ । यसले आफु संलग्न संजालहरुको सवलिकरण तथा देश व्यापी रुपमा नयाँ संजालहरुको विस्तार गर्न रणनीतिक साझेदारीको अवधारणा अपनाएको छ साथै आफ्ना सबै क्रियाकलापहरुमा लैगिक समानता र सामाजिक समावेशीकरण, बाल संरक्षण, युवा सहभागिता र ज्येष्ठ नागरिक सम्मान एवम जोखिम न्युनिकरण तथा वातावरण संरक्षण जस्ता विषयको मूलधारिकरण गर्ने गरेको छ ।

| | |
|---|---|
| Established Year: | 1995 |
| Registration Number: | 140 (DAO Kailali) |
| SWC affiliation Number: | 2296 |
| PAN Number: | 301690843 |

## २. आर्थिक वर्ष २०७७/७८ मा सम्पन्न क्रियाकलापहरुको संक्षिप्त प्रतिवेदन

### २.१ सुआहारा-२, असलपोषण परियोजना

**सहयोग :** USAID

**साझेदारी :** हेलन केलर इन्टरनेशनल

**परियोजना क्षेत्र :** कैलाली जिल्लाका सबै गाउँपालिका, नगरपालिका र उपमहानगरपालिका

**कर्मचारी संख्या :** ५० जना (४ जना अफिस स्टाफ, १३ जना पालिका पोषण सहजकर्ता, १४ जना सामुदायिक संलग्नता सहजकता र १९ जना सामुदायिक पोषण सहजकर्ता )

**संचालकः** फाया नेपाल

**कार्यक्रमको पृष्ठभूमि**

सुआहारा २, असल पोषण परियोजना USAID को आर्थिक सहयोगमा हेलन केलर इन्टरनेशनल र फाया नेपालको साझेदारीमा कैलाली जिल्लाका ६ गाउँ पालिका, ६ नगरपालिका र १ उपमहानगर पालिका गरि १३ वटा स्थानीय निकायहरुमा संचालनमा रहेको छ । गर्भवती महिला र २ बर्ष भित्रका बालबालिकाहरुका साथै किशोर किशोरीहरुको पोषण स्थितीमा सुधार गर्ने मुख्य उद्देश्य रहेको परियोजना अप्रील २०१६ देखी मार्च २०२३ सम्म संचालनमा रहने छ ।

सन २०२० अप्रिल देखी कोभिड १९ रोगको प्रतिकार्यका लागि सुआहारा दोस्रो कार्यक्रमले प्रकोपको सम्भावीत जोखीम न्युनीकरणका लागि संघिय, प्रदेश र स्थानीय सरकायलाई नियमित रुपमा सहयोग गर्दै आइरहेको छ । समुदाय स्तरमा कोभिड १९ को दोस्रो लहर फैलिसकेको हुदा समुदायको संलग्नता र परिचालन विना यसको नियन्त्रण र व्यवस्थापन गर्न सम्भव देखिदैन । समुदाय स्तरमा फैलिएको कोभिड १९ को संक्रमण नियन्त्रणका लागि नेपाल सरकारले केस अनुसन्धान तथा कन्टेक खोज पड्ताल कार्यमा स्थानीय समुदायको परिचालन अपरिहार्य र प्रभावकारी देखीएकोले यस कार्यलाई कार्यन्वयनमा ल्याएको छ । यस कार्यलाई प्रभावकारी रुपमा कार्यन्वयन गर्न युएसएआइडीको आर्थिक सहयोगमा सुआहारा दोस्रो कार्यक्रम मार्फत नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र अन्य सम्बन्धित निकायको समन्वय र सहकार्यमा कोभिड १९ रोकथाम तथा नियन्त्रणको लागि समुदाय परिचालनमा आधारीत कार्यक्रम पनी संचालनमा रहेको छ ।

**परियोजनाले समेटेका लाभग्राहीहरु :**

गर्भवती महिला र २ बर्ष भित्रका बालबालिकाहरुको, किशोर किशोरीहरुका साथै कोभिड १९ सम्भावीत तथा संक्रमितहरु

**परियोजनाको उद्देश्य :**

गर्भवती महिला र २ बर्ष भित्रका बालबालिकाहरुको साथै किशोर किशोरीहरुको पोषण स्थितीमा सुधार गर्ने मुख्य उद्देश्यका पुरा गर्नु निम्नानुसारका उद्देश्य रहेको छ ।

१. घरायसी पोषण, खानेपानी तथा सरसफाइ र स्वास्थ्य अभ्यासहरूमा सुधार गर्ने ।

२. घरधुरीहरूको गुणस्तरीय पोषण तथा स्वास्थ्य सेवाको उपयोगमा अभिवृद्धिगर्ने (सेवा गुणस्तर र पहुँच)

३. घरधुरीको विविध र पोषकतत्व बढी भएका खानेकुरासम्मको पहुँच अभिवृद्धि गर्ने (खाद्य उत्पादन/सुरक्षा) ।

४. सवलीकृत स्थानीय शासनमार्फत बहुक्षेत्रीय पोषण योजनाको कार्यान्वयनलाई तिव्रता दिने ।

**संचालन गरिएका मुख्य क्रियाकलापहरुः**

- जाउलो प्रर्दशनी कार्यक्रम ।
- जीवनका महत्वपूर्ण दिन मनाउने कार्यक्रम ।
- प्रत्येक पालिकाका दुई जना स्वास्थ्य कर्मीहरुलाई बृहत पोषण प्याकेज सम्बन्धि ७ दिने प्रशिक्षक प्रशिक्षण तालिम सम्पन्न ।
- प्रत्येक पालिकामा संचालन भएको बृहत पोषण प्याकेज संचालन मा प्राविधिक सहयोग
- सबै पालिकामा पोषणको अर्धवार्षिक समिक्षा कार्यक्रममा प्राविधिक सहयोग गरिएको ।
- बहिरंग उपचार केन्द्र तथा पोषण पुनःस्थापना केन्द्रहरुमा पोषण अवस्था लेखाजोखा, परामर्श तथा सहयोग र शीघ्र कुपोषणको एकिकृत व्यवस्थापन सम्बन्धी सहभागीतामूलक अन्तरक्रिया तथा स्थलगत क्षमता अभिबृद्धि (तालिम पश्चात फ्लोअप)
- साबुन पानीले हात धुने र खानेपानी शुद्धिकरण सम्बन्धी व्यवहार प्रवर्धन गर्न र तत् सम्बन्धी आपुर्ती तर्फ देखिएका ब्यवधानहरु न्यूनिकरणका लागि पालिकास्तरमा पुर्ण सरसफाइका अभियानको लागि समन्वय र पैरबी
- स्वास्थ्य तथा पोषणसँग सम्बन्धित विभिन्न अभियान संचालनमा सहयोग ।




- पोषण सम्बन्धि राष्ट्रिय दिवसहरुमा पोषण सम्बन्धि गतिविधी सञ्चालन जस्तै स्तनपान सप्ताह र आयोडिन महिना कार्यक्रम ।
- अर्ध बार्षिक रुपमा भिटामिन ए र जुकाको औषधि खुवाउने अभियानमा संचालनमा सहयोग ।
- स्वास्थ्य तथा पोषण सँग सम्बन्धित सुचकहरु, प्रविवेदन लाई गुणस्तर सुधार गर्न नेपाल सरकार परिवार स्वास्थ्य महाशाखा सँगको सहयोगमा तथ्यांकको गुणस्तर लेखाजोखा (RDQA) कार्यक्रम
- स्थानीय स्वास्थ्य संस्थाका स्वास्थ्यकर्मी तथा म.स्वा.से. हरुलाई स्वास्थ्य संस्था स्तरमा समुदाय स्वास्थ्य प्राप्तांक बोर्डको अर्धवार्षिक समिक्षा ।
- लैङ्गिक समानता तथा समाजिक समाबेशीकरण परिवर्तनका संवाहकहरुलाइ सहयोग, अनुभवात्मक छलफल  र पुनरावलोकन तथा पचािलनमा सहयोग ।
- पुरुषहरुको समूहमा प्रत्यक पालिकाबाट ५ जे सी च्याम्पीयनको नेतृत्वमा खासगरी १००० दिनका बुवा र हजुरबुवालाई मातृ शिशु तथा बालस्वास्थ्य र जे सी बाधाहरुको बारेमा छलफल कार्यक्रम ।

- पालिका, सरकारी निकाय (संघ तथा प्रदेश) र साझेदार संस्थाहरुसँगको सझेदारीमा लैङ्गिक समानता तथा समाजिक समाबेशीकरणका लागि : महिला हिंसा विरुद्ध १६ दिने अभियान र अन्तर्राष्ट्रिय महिला दिवश कार्यक्रम ।
- प्रदेश कृषि, भुमि सुधार र सहकारी मन्तालय तथा सम्वन्धित कृषि निर्देशनालय र बिभाग, अन्य सरोकार संघ संस्थाहरु (निजी क्षेत्र) पोषण संवेदनशील कृषि कार्यक्रम सम्वन्धि अभिमुखीकरण र पैरवी कार्यक्रम
- कृषि ज्ञान केन्द्र र पशु बिज्ञ केन्द्र तथा प्रदेश कृषि मन्त्रालय सँगको समन्वयमा स्थानीय कृषि तथा पशु प्राविधिकहरूलाई पोषण संवेदनशील कृषि कार्यक्रम सम्वन्धि क्षमता अभिवृद्दि तालिम
- स्थानीय सरकारसँगको समन्वयमा कोरोना कहर, बन्दाबन्दीले तरकारी बिउको उपलब्धतामा समस्या भइ उत्पादन जोखिम र खाद्य असुरक्षित घरधुरीहरु (ग्रामीण नमुना कृषक, घरयासी खाद्यन्न उत्पादन समूह सदस्य, स्थानीय स्रोत व्यक्ति) लाई बिबिध पोषणयुक्त तरकारी बिउको सहयोग
- ग्रामीण नमुना कृषक संजाल र स्थानीय सरोकारवाला संघसंस्थाहरु (पालिका, कृषि, पशु), निजी क्षेत्र जस्तै एग्रोभेट, सहकारी संस्था, तरकारी ब्यापारी आदि बिच दिगो घरायसी उत्पादन, बजारीकरण तथा जिविकोपार्जन सम्वन्धि अन्तरक्रिया बैठक
- वडास्तरीय आकस्मिक स्वास्थ्य तथा पोषण योजनालाई वडा भेलाबाट अनुमोदन गराउन फलोअप
- नगर/गाउँपालिका स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको बैठक संचालनमा सहयोग ।
- किसोरीहरुलाई आरन चक्की खुवाउनु कार्यक्रम सम्बन्धि सम्पुर्ण महिला स्वयम सेविकाहरुलाई सो सम्बन्धि अभिमुखीकरण कार्यक्रम ।

**केहि नियमित क्रियाकलापहरु**

- Commcare का माध्यमद्वारा गर्भवतीहरुलाई अध्यावधिक गर्ने तथा १००० दिने आमाको पोषण सम्बन्धि PUSH Massage निरन्तर पठाइएको ।
- हजार दिने घरघुरी पत्ता लागई एकिकृत षोषण, सरसफाई, घरायसी खाद्यान्न उत्पादन, स्वास्थ तथा पोषण व्यवहार प्रवर्द्धनका लागि नियमित परामर्श तथा घरभेट गर्नुका साथसाथै कोभिड १९ सम्बन्धि परामर्श ।
- गाउँघर क्लिनिकबाट सञ्चालन हुने स्वास्थ्य र पोषण सेवाहरुको सुदृढिकरण का लागि नियमित सहयोग ।
- साथी शिक्षक मार्फत विद्यालय बाहीर रहेका किशोर किशोरीहरुलाई किशोर अवस्थाको पोषण परिवार नियोजन, प्रजनन स्वास्थ्य सम्बन्धी नियमित परामर्श ।
- साथ लागु भएका आमा समूहहरुमा र सामुदायीक स्वास्थ्य प्राप्तांक लागु भएका स्वास्थ्य सस्थामा नियमित अनुगमन ।
- ग्रामिण नमुना कृषकको नियमित अनुगमन तथा प्राविधिक सहयोग ।
- कुपोषणको नियमित लेखा जोखा ।

**प्राप्त उपलब्धी**

- कैलालीमा संचालन गरिएको बृहत पोषण सम्बन्धि तालिमले सम्पूर्ण स्वास्थ्यकर्मीहरुको पोषण सम्बन्धिको बुझाइमा एकरुपता ल्याएको ।
- कुपोषण लागेका बच्चाहरुलाई पत्ता लगाउन , परामर्श गर्न र OTC मा भर्ना गरि स्वास्थ्यमा सुधार ल्याउन सहयोग भएको छ ।
- आमा समूहको बैठकमा १००० दिने आमाको उपस्थितिमा बृद्धि भएको छ ।
- जिवनका महत्वपूर्ण दिन मनाउने कार्यक्रम मार्फत १००० दिने आमाले अपनाउने व्यवहार र स्वास्थ्य संस्थाबाट लिनु पर्ने सेवाको दरमा बृद्दि भएको छ ।
- आफना बच्चाको बृद्धि अनुगमान र मुवाक टेपको मेजर गरि जानकारी लीने १००० दिने आमा तथा घरका अन्य सदस्यहरुको संख्यमा बृद्धि भएको छ ।
- जाउलो प्रदर्शन कार्यक्रम मार्फत १००० दिने आमा र घरका परिवारहरुमा जाउलो बनाउने तरिका सिकी व्यवहारमा लागु गर्ने आमाको संख्यामा बृद्धि भएको छ ।

USAID
अमेरिकी जनताबाट

सुआहारा
सबैको परिवार फलोस् फुलोस्

FAYA NEPAL

## २.२. स्वच्छताको लागि व्यवहार परिवर्तन परियोजना

**सहयोग :** डिएफआइडि/युनिलिभर
**साझेदारी :** अक्सफाम
**सहकार्य** : धनगढी उपमहानगरपालिका
**संचालक :** फाया नेपाल

**कार्यक्रमको पृष्ठभूमि**

विश्वभर फैलिएको कोभिड-१९ माहामारीको जोखिम कम गर्न फाया नेपालले विपद पूर्व तयारी तथा जोखिम न्युनिकरण सम्वन्धी आफ्ना अनुभवहरुका आधारमा यसले विभिन्न साझेदारहरुसँगको सहकार्यमा जोखिममा रहेका तथा जोखिमको सम्भावना भएका जनसमुदायलाई आफ्नो क्षमता अनुसारको सहयोगहरु गरिरहेको छ । यसै सन्दर्भमा अक्सफामको सहकार्यमा धनगढी उपमहानगरपालिकामा स्वच्छता र व्यवहार परिवर्तन सम्वन्धी कार्यक्रम सम्पन्न गरेको छ ।

**कार्यक्रमको कार्यक्षेत्र :**

धनगढी उपमहानगरपालिका

**कार्यक्रमले समेटेका लाभग्राहीहरु :**

१८७२ घरधुरी

**कार्यक्रमको उद्देश्य :**

प्रस्तुत कार्यक्रमको मुल उद्देश्य समुदायमा स्वच्छता व्यवहारका कारण देखापर्ने कोभिड-१९ लगायतका जोखिमहरु कम गर्नु रहेको थियो ।

**संचालन गरिएका मुख्य क्रियाकलापहरु**




१. स्थानीय तह तथा समुदायसँग छलफल, परामर्श तथा वैठकहरु एवम अनुगमन
२. स्वास्थ्य संस्थाहरु, विद्यालयहरु, हेल्पडेस्क, यातायात र मालपोत कार्यालय, प्रहरी चौकी जस्ता सार्वजनिक स्थानमा खुट्टाले संचालन गर्न मिल्ने हातधुने ठाउँहरुको स्थापना तथा स्वच्छता एवम सुरक्षा सामग्री हस्तान्तरण
३. जोखिममा रहेका घरधुरीलाई टुटी र ढकनी सहितको वाल्टी तथा हातधुने सामग्री वितरण र नियमित अनुगमन
४. उपमहानगरपालिकाले स्थापना गरेको स्वास्थ्य/सहायता डेस्कहरुलाई सूचना सामग्रीहरु सहयोग
५. विश्वभरी प्रचलनमा आएको आमाका जादुई हातहरु भन्ने अभ्यास पुस्तिका मार्फत स्वच्छता, कोभिड महामारी, झाडा पखाला, महिनावारी स्वच्छता, घरेलु हिंसा लगायतका विभिन्न विषयमा जानकारी प्रदान
६. संचार माध्यमहरु मार्फत सूचना जानकारी प्रदान
७. नगरका प्रमुख स्थानमा जानकारी वोर्ड स्थापना
८. घरेलु तथा सेवामुलक कार्यमा महिला पुरुष समान सहभागिता वारे जनचेतना अभिवृद्धि
९. विश्व हात धुने दिवस, विश्व शौचालय दिवस तथा अन्तर्राष्ट्रिय महिला दिवस

१०. सूचना तथा जानकारी वोर्डहरु
११. महिला सुरक्षा तथा कामको बोझ बारे जनचेतना तथा सरोकारवालाहरुसँग समन्वय तथा परामर्श बैठकहरु एवम समुदायमा विभिन्न छलफलहरु तथा अन्तरक्रियाहरु
१२. घरघरमा महिलाहरुको कार्यबोझ घटाउने सामग्री तथा न्यानो कपडा वितरण
१३. स्वच्छता व्यवहार परिवर्तन तथा घरेलु काममा समान सहभागिता वारे विद्यालय स्तरीय विभिन्न प्रतियोगिता
१४. समुदाय स्तरमा विश्व हातधुने दिवश, विश्व शौचालय दिवस तथा अन्तर्राष्ट्रिय महिला दिवस आयोजना
१५. विभिन्न तालिम तथा सूचना सामग्रीहरु निर्माण तथा उत्पादन
१६. जिल्लाका सवै स्थानीय तहमा स्वास्थ्य कार्यालय कैलाली मार्फत ४०० सेट आइसोलेसन किट वितरण
१७. विभिन्न विषयहरुमा स्वयमसेवकहरुको तालिम
१८. तालिम प्राप्त स्वयमसेवकहरु मार्फत सुरक्षा सामग्रीको प्रयोग सहित समुदायका व्यक्तिहरुलाई सचेतना तथा मनासामाजिक परामर्ष
१९. एफ एम मार्फत नियमित सूचना तथा जानकारी
२०. व्यवहार परिवर्तनमा प्रभावक सामग्रीहरु
२१. फूलवारी स्वास्थ्यचौकीमा डिजिटल सूचना वोर्ड
२२. समुदायमा विभिन्न जानकारी सहितका होर्डिङ वोर्ड

**प्राप्त उपलब्धी**




उपलब्धी १ : संकट तथा तिनका व्यवहारजन्य कारणहरु कमगर्न स्थानीय स्तरमा सहयोगी वातावरण निर्माण भएको

उपलब्धी २ : लक्षित क्षेत्रका जनताले कोभिड जोखिम कम गर्न स्वच्छता सम्वन्धी जानकारी पाएका ।

उपलब्धी ३ : लक्षित क्षेत्रका जनताले हात स्वच्छता सम्वन्धी सामग्री पाएका ।

उपलब्धी ४ : शिक्षा, स्वास्थ्य लगायतका सार्वजनिक संस्थाहरुले हात स्वच्छता सामग्री पाएका ।

**तत्काल देखिने उपलब्धी**

अन्तरव्यक्ति संचार मर्फत १०००० जना प्रत्यक्ष रुपमा सूचना तथा जानकारी पाएका ।

१८७८ घरमा प्रतिघर ५ जनाको दरले करिव ९००० जना घरायसी हात धुने बाल्टी मार्फत हातधुने स्वच्छ व्यवहार गरिरहेका ।

शिक्षा, स्वास्थ्य लगायतका सार्वजनिक संस्थाहरुमा ४२ वटा संस्थागत हात धुने ठाउँ स्थापना ।

**कामको जम्मा अवधि :**

२०२० मई देखि २०२१ मार्च ३१ सम्म

## २.३. संक्रमण रोकथाम तथा नियन्त्रण (आईपीसी) र क्रिटिकल केयर व्यवस्थापन प्रशिक्षण

**सहयोग :** GIZ S2HSP
**सहकार्य** : प्रदेश स्वास्थ्य तालिम केन्द्र, सुदूरपश्चिम र सेती प्रादेशिक अस्पताल
**समन्वय** : सेती प्रादेशिक अस्पताल, प्रदेश स्वास्थ्य तालिम केन्द्र, सुदूरपश्चिम प्रदेश
**संचालक :** फाया नेपाल

**कार्यक्रमको पृष्ठभूमि**

COVID–19 एउटा उदाउदो र द्रुतगतिमा विकसित भइरहको परिवेश हो । २०२० को सुरुवातमा COVID–19 महामारी शुरू हुने वित्तिकै मानिसहरु अरु भाइरस महामारीहरुमा जस्तै यसमा पनि विभिन्न लहरहरु हुनेछन् कि छैनन् भन्ने छलफल गर्न थालेका थिए । नभन्दै हामीले सुरुमा COVID-19 संक्रमण धेरै संख्यामा अनि विचमा केहि घट्दो क्रममा र फेरी एकदमै वढेको दोस्रो लहर भनिने परिवेश देख्यौं । नेपाल पनि ती मुलुकहरु मध्ये एक हो जहाँ हरेक सहर, गाउँ र समुदायमा COVID–19 को दोहोरिएको विश्वव्यापी लहरको प्रभाव एकदमै धेरै परिरहेको छ ।

फ्रंटलाइन स्वास्थ्यकर्मीहरु COVID–19 को विश्व्यापी प्रतिकार्यका अभिन्न अंग हुन । संसार भरीका हस्पिटलहरु, क्लिनिकहरु र घरैमा पनि स्वास्थ्यकर्मीहरु महत्वपूर्ण रुपमा व्यक्तिगत जोखिम लिइरहेका छन् र सामान्यतया सामग्रीको अभाव या संक्रमण रोकथाम र नियंत्रणका उपाय सम्वन्धिपर्याप्त ज्ञानको अभावमै काम पनि गरिरहेका छन् । सवै मानिसहरुले आवश्यक रेखदेख र उपचार पाइरहेका छन् भन्ने सुनिश्चित गर्नका लागि अग्रिम पंक्तिका यी स्वास्थ्यकर्मीहरुलाई सुरक्षित गर्नु आवश्यक छ । त्यसकालागि उनिहरुलाई पर्याप्त उपकरणका साथै सामान्य तथा क्रिटिकल केयरका वेला संक्रमण रोकथाम तथा नियंत्रण सम्वन्धि ज्ञान उपलब्ध गराउनु आवश्यक छ ।

COVID–19 संक्रमितहरुको गतिशील अनुगमन तथा सहायक उपचारहरु बाहेक अहिलेसम्म कुनै लक्षित उपचार छैन । COVID–19 को गम्भीर केसहरु हाइपोक्सिमिक रेस्पिरेटरी फेलियर, एक्यूट रेस्पिरेटरी डिस्ट्रेस सिंड्रोम (ARDS), सेप्टिक शक, कार्डियक डिसफंक्शन आदिसँग जोडिएका हुनसक्छन् । फोक्सोसँग सम्वन्धित समस्या बाहेक पनि COVID–19 संक्रमितहरुमा मुटु, रगत, पिसाब तथा स्नायु प्रणालीसँग सम्वन्धित समस्याहरु पनि देखापर्न सक्छ । त्यस्ता गम्भिर केसहरुमा क्रिटिकल केयर, अक्सिजन थेरापी र यहाँसम्म कि यान्त्रिक भेन्टिलेशन को आवश्यकता पनि पर्नसक्छ । कतिपय विरामीहरुको उपचारका क्रममा एरासोल उत्पादक प्रक्रियाहरुमा समेत सहभागि हुनुपर्ने हुन्छ । COVID–19 को जटिलता, नवीनता र अन्य प्रकृतिका कारण COVID–19 संक्रमितहरुमा यस्तो प्रक्रिया सहभागि हुँदा उच्च सुरक्षा सतर्कताका साथ कार्यान्वयन गर्नु आवश्यक छ किनभने ती प्रक्रियाहरुले संलग्न स्वास्थ्यकर्मीहरुमा संक्रमणको जोखिमलाई वढाइदिन्छ । सघन उपचार कक्ष (आइसियु) मा उपचाररत अन्य विरामीहरु जस्तै COVID–19 संक्रमितको सफल उपचार पनि आइसियुमा आउनु अघि कै रोग, दुईवा दुइभन्दा वढी रोगहरु, साथैं हस्पिटल र अझ आइसियुमा थपिनसक्ने जटिलताहरुको उपचारमा भरपर्दछ । तर COVID–19 संक्रमितहरुको क्रिटिकल केयर व्यवस्थापन अन्य गम्भीर बिरामीहरुको भन्दा भिन्न हुन्छ, हुनुपर्दछ ।



यस्तो परिस्थिति र महत्वका बावजुद नेपालमा संक्रमण रोकथाम, महामारी नियन्त्रण तथा अग्रमोर्चामा कार्यरत स्वास्थ्यकर्मीहरुको क्षमता सुदृढिकरणमा उचित ध्यान दिइएको पाइदैन । COVID–19 महामारीको प्रतिकार्यका लागि सुदूरपश्चिम प्रदेशमा पनि स्वास्थ्यकर्मीहरुको क्षमता विकासको धेरै ठूलो आवश्यकता छ जहाँ तालिम प्राप्त स्वास्थ्य जनशक्ति संख्यात्मक वा गुणात्मक रुपमै कम छन । सरकारले प्रदेशका अधिकांस सरकारी हस्पिटलहरुमा भेन्टिलेटर मसिनहरु त उपलब्ध गराएको छ तर ती हस्पिटलहरुमा अझै पनि तालिम प्राप्त जनशक्ति, वातावरण र प्रक्रियाहरुको अभाव छ जसको विना मसिनले मात्रै काम हुँदैन ।

यस अवस्थालाई मध्येनजर गर्दै फाया नेपालले GIZ S2HSP सँग सुदूरपश्चिम प्रदेशमा अग्रमोर्चामा कार्यरत स्वास्थ्यकर्मीहरुलाई संक्रमण रोकथाम र नियन्त्रण (आईपीसी) र क्रिटिकल केयर व्यवस्थापन प्रशिक्षण संचालन गर्न सहयोग गरिदिन अनुरोध गरको थियो । जसलाई स्विकार गरेर GIZ S2HSP ले यस प्रदेशका स्वास्थ्यकर्मी र जनता प्रति ठुलो गुन लगाएको छ । फाया नेपालले प्रदेश स्वास्थ्य तालिम केन्द्र र सेती प्रादेशिक अस्पतालसँग मिलेर उक्त कार्यक्रमको सफल कार्यान्वयन सम्पन्न गरेको छ ।

**कार्यक्रमको उद्देश्य :**

COVID-19 लाई मध्येनजर गर्दै सुदूरपश्चिम प्रदेश स्वास्थ्य प्रशिक्षण केन्द्र (पीएचटीसी) को सहकार्यमा स्वास्थ्यकर्मीहरूको लागि संक्रमण रोकथाम र नियन्त्रण (आईपीसी) र क्रिटिकल केयर व्यवस्थापन प्रशिक्षण अयोजना गर्नु



**कार्यक्रमको कार्यक्षेत्र :**

सुदूरपश्चिम प्रदेशका सवै जिल्लाहरु

**कामको जम्मा अवधि :**

२०२१ मार्च देखि २०२१ जुन सम्म

**कार्यक्रमले समेटेका लाभग्राहीहरु :**

अस्पतालका एमरजेंसी, आइसोलेशन तथा क्रिटिकल केयर यूनिटहरुमा कार्यरत १७ जना डक्टर र १९ जना नर्सहरु गरि जम्मा ३६ जना

| नाम | पद तथा हस्पिटल | नाम | पद तथा हस्पिटल |
|---|---|---|---|
| डा. देवेन्द्र बहादुर कठायत | मेअ, बझाङ्ग जिल्ला अस्पताल | ड. पवित्रा राइ | मेअ, टिकापुर अस्पताल |
| रञ्जना तिमिल्सिना | स्टाफ नर्स, अछाम जिल्ला अस्पताल | लक्ष्मि परियार | स्टाफ नर्स, टिकापुर अस्पताल |
| विमला ओली | स्टाफ नर्स, बाजुरा जिल्ला अस्पताल | ड. वसन्तराज जोशी | मेअ, वैतडी जिल्ला अस्पताल |
| डा. अजय यादव | मेअ, टिकापुर अस्पताल | रेखा भट्ट | स्टाफ नर्स, वैतडी जिल्ला अस्पताल |
| सुनिता विश्वकर्मा | स्टाफ नर्स, टिकापुर अस्पताल | ड. मनिष पाण्डे | मेअ, महाकाली अस्पताल |
| इशरा क्षेत्री | एएनएम, बझाङ्ग जिल्ला अस्पताल | ड. पुजा वम | मेअ, दार्चुला जिल्ला अस्पताल |
| रुपा आचार्य | स्टाफ नर्स, सेती प्रादेशिक अस्पताल | ड. सानु राना मगर | मेअ, अछाम जिल्ला अस्पताल |
| डा. ममता अवस्थी | मेअ, सेती प्रादेशिक अस्पताल | अचिता सिंह | स्टाफ नर्स, डडेल्धुरा अस्पताल |

| | | | |
|---|---|---|---|
| डा. अरुण काफ्ले | मेअ, सेती प्रादेशिक अस्पताल | ड. प्रदीप कुमार गुप्ता | मेअ, टिकापुर अस्पताल |
| डा. गौरव आचार्य | मेअ, बाजुरा जिल्ला अस्पताल | कविता भुल | स्टाफ नर्स, टिकापुर अस्पताल |
| सुसिला श्रेष्ठ | एएनएम, सेती प्रादेशिक अस्पताल | निर्मला नेपाली | स्टाफ नर्स, अछाम जिल्ला अस्पताल |
| निर्मला विष्ट | स्टाफ नर्स, सेती प्रादेशिक अस्पताल | मनिषा बोगटी | स्टाफ नर्स, डोटी जिल्ला अस्पताल |
| पुष्पा विष्ट | स्टाफ नर्स, डडेल्धुरा अस्पताल | ड. सन्दिप शर्मा | मेअ, सेती प्रादेशिक अस्पताल |
| सौरभी भण्डारी | स्टाफ नर्स, सेती प्रादेशिक अस्पताल | ड. अञ्जली विजया अधिकारी | मेअ, सेती प्रादेशिक अस्पताल |
| डा. शुवर्ण शमसेर थापा | मेअ, डडेल्धुरा अस्पताल | ड. सचिन शाही | मेअ, सेती प्रादेशिक अस्पताल |
| अञ्नु कुवर | स्टाफ नर्स, दार्चुला जिल्ला अस्पताल | रेखा जोशी | स्टाफ नर्स, महाकाली अस्पताल |
| सुसिला कुमारी सिंह | स्टाफ नर्स, महाकाली अस्पताल | सरस्वती वुढा | स्टाफ नर्स, सेती प्रादेशिक अस्पताल |
| डा. सञ्जिव शाही | मेअ, सेती प्रादेशिक अस्पताल | ड. मनोज भट्ट | मेअ, महाकाली अस्पताल |

**कार्यक्रमका प्रशिक्षकहरू:**

| **नाम** | **योग्यता** | **हस्पिटल** |
|---|---|---|
| डा. रवि राम श्रेष्ठ | प्रोफेसर, एनेस्थेसिओलोजिष्ट तथा इन्टेन्सिभिष्ट (राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रको इसिसिटी तालिम निर्देशिका निर्माण समूहको टोली प्रमुख) | राष्ट्रिय स्वास्थ्य विज्ञान प्रतिष्ठान (न्याम्स), वीर हस्पिटल |
| डा. कपिल गौतम | एनेस्थेसिओलोजिष्ट | सेती प्रादेशिक अस्पताल |
| डा. जगदिश जोशी | जेनेरल प्राक्टिसनर | सेती प्रादेशिक अस्पताल |
| डा. निशान भट्टराइ | इण्टरनल मेडिसिन विशेषज्ञ | सेती प्रादेशिक अस्पताल |
| डा. सरोज अर्याल | एनेस्थेसिओलोजिष्ट | सेती प्रादेशिक अस्पताल |
| श्री सुस्मिता मैनाली | संक्रमण रोकथाम तथा नियन्त्रण (आईपीसी) र क्रिटिकल केयर नर्स | सेती प्रादेशिक अस्पताल |

**तालिम सन्दर्भ सामग्री**

तालिम राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र (एनएचटिसि) को इसिसिटी तालिम निर्देशिकामा आधारित भई संचालन गरिएको यस तालिममा एनएचटिसिले नै तयार पारि प्रदेश स्वास्थ्य तालिम केन्द्रले निक साइमन इन्स्टिच्युटको सहयोगमा प्रकासन गरेको सहभागी हातेपुस्तिका वितरण गरिएको थियो ।

**तालिम प्रमाण-पत्र**

तालिमका सबै सहभागीहरुलाई राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रमा दर्ता गराई प्रदेश स्वास्थ्य तालिम केन्द मार्फत सहभागिताको प्रमाणपत्र प्रदान गरिएको थियो ।

## २.४. युएनएफपिए देशीय कार्यक्रम कार्यान्वयन

**साझेदारी :** युएनएफपिए (संयुक्त राष्ट्र संघीय जनसंख्या कोष)

**सहकार्य** : बैतडी जिल्लाको पाटन नगरपालिका र दशरथचन्द नगरपालिका, बझाङ्ग जिल्लाको जयपृथ्वी नगरपालिका र वित्थड चीर गाउँपालिका, अछामको साँफे नगरपालिका, मंगलसेन नगरपालिका र कमलवजार नगरपालिका, वाजुरा जिल्लाको वडिमालिका नगरपालिका र वुढिगंगा नगरपालिका तथा कैलाली जिल्लाको धनगढी उपमहानगरपालिका

**संचालक :** फाया नेपाल

**कार्यक्रमको उद्देश्य तथा पृष्ठभूमि**

युएनएफपिएको नेपाल देशीय कार्यक्रमले मानवीय अवस्था लगायत सवैतिर महिला तथा किशोरी (खास गरेर जोखिममा रहेकाहरुका लागि) लक्षित एकिकृत तथा गुणस्तरीय यौन तथा प्रजनन स्वास्थ्य सेवा प्रदान गर्ने क्षमता वृद्धि गर्ने, युवाहरुमा स्वास्थ्य तथा भलाई वारे सचेत निर्णय लिन तथा निर्णय प्रक्रियामा सहभागि हुन ज्ञान र सीप हुने, सार्वजनीक निकायहरु तथा समुदायको लैंगिक हिंसा रोक्ने तथा प्रतिकार्य गर्ने क्षमता वढेकोहुने साथै विकास कार्यहरुको योजना निर्माण तथा अनुगमनका लागि उच्चस्तरीय एवम छुट्टाछुट्टै तथ्यांकहरु उपवलव्ध हने कुरा उल्लेख गरेको छ । उपरोक्त सन्दर्भको आलोकमा सुदूरपश्चिम प्रदेशको प्रादेशिक तथा स्थानीय सरकारहरुको बढ्दो आवश्यकतालाई सम्वोधन गर्न तथा उनिहरुलाई उन्नत प्रकारको सहकार्यात्मक सहयोग गर्न संयुक्त राष्ट्र संघीय जनसंख्या कोष (युएनएफपिए) र जनचेतना तथा युवा जागरण मञ्च नेपाल (फाया नेपाल) ले यो कार्यक्रम कार्यान्वयन गरिरहेको छ ।

**कार्यक्रमको कार्यक्षेत्र :**

सुदूरपश्चिम प्रदेश (मुख्य गरी बैतडी, बझाङ्ग, बबाजरु, अछाम र कैलाली जिल्ला)

**<u>संचालन गरिएका मुख्य क्रियाकलापहरू</u>**

- स्थानीय तहका निर्वाचित जन प्रतिनिधीहरु तथा कर्मचारीहरुलाई परिवार योजना तथा वृहद् यौनिकता शिक्षा लगायतका यौन तथा प्रजनन स्वास्थ्य र अधिकारका वारे अभिमुखिकरण
- राष्ट्रिय परिवार योजना, अन्तर्राष्ट्रिय युवा, अन्तर्राष्ट्रिय किरोरी, महिनावारि व्यवस्थापन, विश्व जनसंख्या दिवश आयोजना



- प्रजनन स्वास्थ्य तथा परिवार योजना समन्वय संयन्त्रको सवलिकरणमा सहयोग
- प्रजनन स्वास्थ्य तथा परिवार योजना लगायत स्वास्थ्य क्षेत्रको प्रदेश स्तरीय वार्षिक समिक्षामा सहयोग
- वृहद् यौनिकता शिक्षा, परिवार योजना तथा किशोर किशोरी यौन तथा प्रजनन स्वास्थ्यवारे नीति निर्माणका लागि वातावरण निर्माण गर्न स्थानीय सरकारहरुलाई अभिमुखिकरण
- लैंगिक हिंसा सम्वन्धी प्रतिकार्य सम्मबन्धी ९ वटै जिल्लाका जिल्ला प्रहरि कार्यालयमा कार्यरत प्रहरीहरुलाई अभिमुखिकरण
- बृहत यौनिकता शिक्षाको संरचनागत सुधारका लागि स्थानीय स्तरमा वृहत यौनिकता शिक्षा प्राविधिक समूहहरुको गठन

- प्रदेश स्वास्थ्य आपुर्ति केन्द्र अन्तर्गत आपुर्ती श्रृङ्खला व्यवस्थापनका लागि प्राविधक सहयोग साथै प्रदेश स्तरमा आवश्यक औषधी तथा कोरोना प्रतिकार्य सामग्री ढुवानिका लागि यातायात सहयोग
- स्थानीय सरकारहरुलाई विपद व्यवस्थापनमा लैङ्गिक हिंसालाई सम्बोधन गर्नका लागि अभिमुखिकरण
- स्वास्थ्यकर्मी तथा महिला स्वयमसेवीकाहरुलाई लैगींक हिंसामा स्वास्थ्य प्रतिकार्य सम्बन्धी एफ सिएचभि जिविभी टुल किट र स्व अध्ययन प्याकेज सम्बन्धी तालिम
- कोरोना माहमारीको समयमा आइसोलेसन तथा एकान्तवास बसेका व्यक्तिहरुलाई फोन माध्यमवाट मनोसामाजिक परामर्श सेवा

**तत्काल देखिने उपलब्धी**

स्थानीय तहको योजना प्रकृयामा युवाहरुको सहभागिता वढ्दै गएको छ । लैंगिक हिसां सम्वन्धी युवाहरु, महिला स्वयंसेविका तथा प्रहरी समेतको गरी ७९९८ जनाको क्षमता अभिवृद्धी गर्ने कार्यमा टेवा पुरयाइएको छ । बृहत यौतिकता शिक्षाको क्षेत्रमा लगभग ८०००० युवाहरु रेडियो कार्यक्रम किशोर किशोरीका मनका कुरा मार्फत जोडिएका छन । प्रदेश अर्न्तगतका बैतडी, बझाङ्ग, अछाम र बाजुराका गरि जम्मा २६४ ( अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, आधारभुत स्वाथ्य, सामुदायिक स्वास्थ्य र सहरी स्वास्थ्य) स्वास्थ्य संस्थाहरुलाई हाईजिन सामग्री विवरण गरिएको छ । परिवार नियोजना सम्बन्धीका सूचनाहरु सुदुर पश्चिम यातायातसँगको समन्वयमा देशैभरी चल्ने यस यातायातका साधनहरुको टिकमा सूचना छपाई गरी कार्यान्वयनमा ल्याईएको छ । बैतडी, बझाङ्ग, अछाम र बाजुरका गरि २४० जना युवाहरुलाई स्थानीय तह योजना छनौट प्रक्रिया र दिगो विकासका लक्ष्य सम्बन्धी क्षमता विकास गरियो । त्यसैगरि सुदूरपश्चिम प्रदेशका ९ वटै जिल्लाबाट राष्ट्रिय अपाङ्ग माहासंघ प्रदेश कार्यालयसँगको समन्वयमा १६२ जना अपागंता भएका युवा युवतिहरुलाई, यौन तथा प्रजनन स्वास्थ्य र अधिकार सम्बन्धी क्षमता विकास गर्ने कार्य गरियो । त्यसैगरि बैतडी, बझाङ्ग, अछाम र बाजुराका गरि ३५ वटा स्थानीय संस्थाहरुका प्रतिनिधिहरुलाई कोरोना महामारीको समयमा वालवालिका, ज्येष्ठ नागरिक, गर्भवती महिला तथा अन्य पिछडिएका वर्गहरुको अधिकार र स्थानीय सरकारको सेवा प्रवाह सम्बन्धी अभिमुखिकरण कार्यक्रम सम्पन्न गरियो ।

**कामको जम्मा अवधि :**

जुन २०२० देखि जुन २०२१

## २.५. भ्यु फ्रम द फ्रण्टलाईन

**सहयोग :** जिएनडिआर

**साझेदारी :** एनसेट

**सहकार्य :** जुम्ला जिल्लाको सिंजा गाँउपालिका र चन्दननाथ नगरपालिकामा, सुर्खेत जिल्लाको विरेन्द्रनगर नगरपालिका र चौकुने गाँउपालिका

**स्थानीय समन्वय :** साझेदारी सहयोग केन्द्र (PACE Nepal) जुम्ला र अशल शासन क्लव सुर्खेत

**संचालक :** फाया नेपाल

**कार्यक्रमको पृष्ठभूमि**

भ्युज फ्रम द फ्रन्टलाईन परियाजना जिएनडिआर र एनसेटसँगको साझेदारीमा फायानेपालले संचालन गरिरहेको छ । यो परियोजना सुर्खेत र जुम्ला जिल्लामा संचालनमा रहेको छ । यस परियोजनाले जोखिम कम गर्न र उत्थानशीलतालाई बलियो बनाउन नीति र अभ्यासहरूको डिजाइन र कार्यान्वयनमा जोखिममा रहेका व्यक्तिहरू, नागरिक समाज र सरकारहरू बीचको समावेशीकरण र सहकार्यलाई सुदृढ पार्ने लक्ष्य राखेको छ। त्यसका लागि उत्थानशीलता निर्माण गर्ने समावेशी र जनकेन्द्रित क्रियाकलापहरुको मापन र प्रत्यक्ष कार्यान्वयन गरिन्छ । सबै विश्वव्यापी विकास ढाँचाहरूले स्थानीय कर्ताहरूको समावेशीताको महत्वलाई उल्लेख गर्दछन्, यद्यपि, तिनीहरूले विश्वव्यापी फ्रेमवर्कहरूको लक्ष्यहरूको अनुगमनको महत्वलाई पहिचान गर्न असफल भएकाछन्, खास गरेर SFDRR का लक्ष्यहरुको अनुगमन गर्न । त्यसैले VFL-2019 ले कर्ताहरुलाई मार्गदर्शन गर्न मद्दत गर्नका लागि अनुगमन, आधार रेखा र डाटा उपलब्ध गराएर यो खालीठाउँलाई भर्छ । यसले खासगरेर SFDRR का लक्ष्यहरु प्रभावकारी रुपमा प्राप्त गर्न, स्थानीय समुदायहरु प्रति सरकार, अन्तर सरकारी निकायहरु र अन्य सबै सरोकारवालाहरुको जवाफदेहीता र उनीहरुको उत्थानशील प्राथमिकताहरुलाई सुदृढ पार्न मद्दत गर्दछ ।

